**माननीय गोकर्ण विष्टज्यू**
**मन्त्री, श्रम, रोजगार तथा सामाजिक न्याय मन्त्रालय,**
**सिंहदरबार, काठमाडौं ।**

**विषय : ज्ञापन पत्र ।**

**महोदय,**

राष्ट्रिय दलित नेटवर्कको आयोजना तथा द फ्रिडम फण्डको सहयोगमा मिति २०७५ फागुन १४ गते तदनुसार २६ फेब्रवरी २०१९ मा काठमाडौं सिंहदरबार स्थित श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सभाकक्षमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री माननीय गोकर्ण विष्टज्यूको प्रमुख आथित्यमा प्रतिनीधिसभा तथा राष्ट्रिय सभाका माननीय सांसदहरु, दलित आन्दोलनका नेताहरु, देशका विभिन्न भागबाट आएका हरवाचरवा प्रतिनीधिहरु, नागरिक संघ/संस्था तथा सरोकारवालाहरुको उपस्थितिमा जारी काठमाडौं घोषणा पत्रमा उठान गरिएका विषयहरु कार्यान्वयनका लागि यो ज्ञापन पत्र पेश गरेका छौं । हाम्रा यी न्यायिक मागहरु पूरा गर्न माननीय मन्त्रीज्यूको महत्वपूर्ण भूमिका हुने कुरामा हामी विश्वस्त भएका छौं ।

**हाम्रा सरोकार तथा मागहरु**

**प्रस्तावना :**

नेपालको संविधानले स्वतन्त्रतापूर्वक र सम्मानपूर्वक बाँच्न पाउने, हरेक नागरिकको शोषण विरुद्धको हक, हरेक नागरिकलाई छुवाछूत र जातीय भेदभाव बिरुद्धको हकलाई मौलिक हकमा सुनिश्चित गरेको सगौरव स्मरण गराउन चाहन्छौं । मानवअधिकारको विश्वब्यापी घोषणा पत्रको धारा २३ अनुसार हरेक ब्यक्तिलाई र निजको परिवारको लागि मानवीय प्रतिष्ठा अनुरुपको आजीविकाको बन्दोवस्तका लागि उचित र अनुकूल पारिश्रमिक पाउने अधिकार, त्यसका लागि आवश्यक भए सामाजिक संरक्षणद्वारा भरथेग पाउने अधिकार धारा २३ (३), हरेक ब्यक्तिलाई काम गर्ने र बेकारी बिरुद्ध सुरक्षा पाउने अधिकार, प्रत्येक ब्यक्तिलाई स्तरयुक्त जीवनको अधिकार, यसअन्तर्गत परिवारको स्वास्थ्य र कल्याणको लागि पर्याप्त जीवनस्तरको अधिकार, खाना, कपडा, घर तथा औषधि उपचारको सुविधाहरु र आवश्यक सामाजिक सेवा पाउने अधिकारको प्रत्याभूति गरेको छ तर हरवाचरवाले यि मध्ये कुनै पनि कुरा नपाएको स्थिति विद्यमान रहेको छ ।

नेपाल सरकारले यस अघि कमैया, कमलरी तथा हलियाको मुक्तिको घोषणा गरि पुनःस्थापनाको समेत अन्तिम चरणमा पुगेको सन्दर्भमा पूर्वी नेपालको सोही प्रकृतिको हरवाचरवाको समस्यालाई व्यवास्ता गरेकोप्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ । नेपाल सरकारले आगामी नीति तथा कार्यक्रम र बजेटमार्फत हरवाचरवा मुक्ति र पुनःस्थापनाको काम एकसाथ हुने गरी घोषणा गर्न हामी जोडदार माग गर्दछौं ।

**१. राज्यकातर्फबाट हरवाचरवाका नामको अनुचित ऋण खारेजीसहित मुक्तिको घोषणा गरियोस ।**

- नेपाल सरकारले तत्काल मुक्त कमैया र मुक्त हलियाको घोषणा गरिएझैं औपचारिक रुपमा हरवाचरवाका नाममा भएको अनुचित ऋणको खारेजीसहित मुक्तिको घोषणा गरियोस ।
- यसरी घोषणा गर्दा मुक्त कमैया तथा मुक्त हलियामा भएका कमजोरीहरुबाट शिक्षा लिदै तथ्याँक संकलन र पुनःस्थापनाको ठोस योजनासहित घोषणा गरियोस ।
- हरवाचरवा तथ्याँक संकलन, प्रमाणीकरण, परिचय पत्र, वर्गीकरणसहितको निर्देशीका पहिलै जारी गरियोस ।

- हरवाचरवा पुनःस्थापनाका फाष्ट ट्रयाकबाट गर्न गराउन हरवाचरवाको स्वामित्व ग्रहण हुन गरी अधिकार सम्पन्न **हरवाचरवा पुनःस्थापना आयोग** गठन गरियोस । साथै पुनःस्थापनामा सहयोग गर्न चाहने राष्ट्रियअन्तराष्ट्रिय संस्थाहरुलाई एकद्धार प्रणालीमार्फत केन्द्रीत गरियोस ।
- नेपालमा हरवाचरवाजस्ता अन्य बाध्यकारी श्रम गर्न वाध्यताको अन्त्य गर्न वा निषेध गर्ने खालको कडा कानून निर्माण गरि नेपाल सरकारले प्रदेश र स्थानीय सरकारलाई समेत विश्वासमा लिएर घोषणा गरियोस ।

**२. हरवाचरवाको स्पष्ट तथ्याँक संकलन, प्रमाणीकरण र परिचय पत्र वितरण गरियोस ।**

- मुक्त हलियाको वास्तविक तथ्यांक संकलन गरी पहिचानको काम तत्काल सम्पन्न गरियोस
- पहिचान भएका हलियाको सही ढंगले प्रमाणीकरण गरी परिचय पत्र वितरण गरियोस ।
- हरवाचरवाप्रथा व्यवहारिकरुपमा उन्मुलन भएको सन्देशसहित अभियान संचालन गरियोस ।
- हरवाचरवाको तथ्यांक प्रमाणीकरण तथा वर्गिकरणका लागि तीनवटै तहमा राजनीतिक दल, स्थानीय निकाय र संघ/सस्थाहरुसंग समन्वय तथा सहकार्य गरियोस ।
- मुक्त हरवाचरवा पहिचानका लागि गाउपालिका तथा नगरपालिकास्तरमा स्थानीय राजनीतिक दलहरुकोसमेत सहभागिता रहने गरी अनुगमन समिति गठन गरियोस ।
- नेपाल सरकारले गरेको तथ्यांक संकलनको प्रारम्भिक प्रतिवेदन सार्वजनिक गरिसकेपछि अन्तिम पटक १५ दिनको कोही छुटेको भए नियमानुसार निवेदन दिन आव्हान गरियोस ।

**३. हरवाचरवाको पुनःस्थापना गर्दा कम्तिमा १० कठ्ठा जमिनसहित प्रदान गरियोस ।**

- मुक्त हरवाचरवाको पहिचान गर्दा ३ श्रेणीमा वर्गीकरण गरियोस । जसमा (१) आफ्नो स्वामित्वमा घर जग्गा दुवै नभएका (रातो कार्ड), (२) आफ्नो घर भएको तर आफ्नो जग्गा नभएका (निलो कार्ड), र आफ्नो स्वामित्वमा घरजग्गा दुवै भएको (सेतो कार्ड) । साथै घर र जग्गाको परिभाषा आधुनिक खालको बनाइयोस ।
- सर्वप्रथम ५ वर्षको सर्वस्वीकार्य प्याकेजमा पुनःस्थापनाको परिभाषा र आधार स्पष्ट हुने गरी ताकियोस । पुनस्थापनामा दिइने भनिएको रकम गोश्वारा शैलीको नभई लागत विश्लेषणका आधारमा दिने गरी व्यवहारिक बनाइयोस ।।
- पुनस्थापनाको प्याकेज आगामी पंचवर्षिय योजना अवधिभित्र सम्पन्न गर्ने गरी बनाइयोस । पुनस्थापनाको कार्यलाई **Fast Track Freedom Programme** का रुपमा लिई फाष्ट ट्रयाकबाट कार्यान्वन गरियोस ।
- मुक्त हरवाचरवाको उचित बसोवासका लागि प्रथामिकताको आधारमा हाल हरवाचरवा वस्दै आएको जमिनमा स्थानीय सर्जमीनका आधारमा उनीहरुकै नाममा जग्गा दर्ता गर्ने र बाँकी जग्गा थप गरी १० कठ्ठा पुगाउने प्रक्रियाको थालनी गरियोस ।
- घरबास नभएका हरवाचरवालाई मालिककै जमिनमा बास निर्माण गरि मोहीयानी हक कायम गरी घरबासको लागि पहल गरियोस (ख) हरवाचरवा बस्दै आएको जमिन ऐलानी भए दर्ता गर्न पहल गरियोस, (ग) मुक्त हरवाचरवा बसि आएको घर जग्गाको दर्तावाला जग्गा धनिहरुले हस्तान्तरण नगरेमा दुवै पक्षको सहमति भएमा चलन चल्तीको मूल्य लिई मुक्त हरवाचरवाले चाहेमा अन्यत्र बसोबासको व्यवस्था मिलाउने पहल गरियोस ।

- आफ्नो घरबास नभएका हरवाचरवाहरुलाई प्राथमिकता दिई घरबासको लागि कम्तिमा १० कट्ठा कृषियोग्य जग्गा र घरबास नभएका मुक्त हरवाचरवाका लागि घरबास उपलब्ध भएपछि घर निर्माणका लागि कम्तिमा ५ लाख नगद रकम एकमुष्ट आर्थिक सहयोग गरियोस ।
- गास, बाास, कपासको कुनै व्यवस्था नभएका मुक्त हरवाचरवाको भिन्नता हेरी परिचय पत्रको वर्गिकरणको आधारमा तत्काल र क्रमअनुसार अवस्था हेरी एकमुष्ट रुपमा ३ लाखदेखि ५ लाखसम्म तत्काल क्षतिपूर्तिबापत राहात रकम उपलब्ध गरियोस ।
- हरवाचरवाका परम्परागत पेशाहरुलाई औद्योगिकीकरण गरी उनीहरुले उत्पादन गरेका चिजवस्तुहरुको वजार व्यवस्थापन गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा आयत निर्यातको व्यवस्थापन गरियोस ।
- आर्थिक तथा प्राविधिक सहयोगमार्फत व्यापार व्यवसायमुलक उद्यम गर्न चाहनेहरुका लागि लघु उद्यम कार्यक्रम अन्तरगत साना उद्योग तथा घरेलु उद्योगलगाएत अन्य रोजगारमूलक आयआर्जनमुलक व्यवसाय संचालन गरियोस र योग्यता पुगेकालाई परिचय पत्रका आधारमा विना धितो सहुलियत दरमा ऋण उपलब्ध गराइयोस ।
- बजार संभाव्यताको अध्ययन गरी कृषिमा आधारित फलफुल, नगदे वाली पशुपालन, तरकारी जडिबुटी गैरकाष्ट बन पैदावार सामूहिक फर्म स्थापनामा सहयोग गर्ने साथै मुक्त हरवाचरवा भएको सहकारी संस्थाको स्थापना गरि लघु बित्त सेवा उपलब्ध गराउने ।

**४. काम, ज्याला, समानता, स्वतन्त्रता सहित शिक्षा, स्वास्थ्य र रोजगारीमा प्राथमिकता दिइयोस ।**

- व्यवसायमूलक शिक्षा र तालिमहरु छनोटका आधारमा-अनमी, अहेव, ओभरसियर, जटिए, सिएमए, बैद्य, अनमी, कुकबेकरी, होटल व्यवस्थापन, सरक्षगार्ड ड्राइभिङ, वाईरिड. मोवाईल टिभी रेडियो घडी मर्मत, इलेक्ट्रोनिक, बांसबेत, निगालो, काठ, छालाजस्ता व्यावसायिक सीप विकास तालिम दिइयोस ।
- सम्पूर्ण हरवाचरवाका लागि **विशेष साक्षरता कार्यक्रम** संचालन गरी हरवाचरवाका वालबालिकाहरुका लागि अनिवार्य शिक्षा कार्यक्रम अन्तरगत विद्यालय खाजा प्रोत्साहन तथा विद्यालय ड्रेस वितरण तथा जेहेन्दार छात्रवृति पुरस्कार कार्यक्रम, विद्यालय भर्ना अभियान, व्यवसायीक कक्षा, प्राविधिक तथा उच्चशिक्षामा पहुच कार्यक्रम संचालन गरियोस ।
- मुक्त हरवाचरवाका महिलाहरुका लागि प्रजनन स्वस्थ्य लगायत महिला केन्द्रीत विशेष स्वस्थ्य कार्यक्रम संचालन गरियोस साथै समाजमा प्रचलित परम्परागत रुढीबादी अन्धविश्वास प्रथाविरुद्ध सचेतना कार्यक्रम संचालन गरियोस ।
- आर्थिक अवस्थामा सुधार गर्न सरकारी संस्था, लघु उद्यम, लघु कर्जा सिपमुलक तालिम जस्ता कार्यक्रमहरुलाई एकिकृत रुपमा अघि बढाई बैकल्पिक श्रोत उपलब्ध गराउने ।
- हरवाचरवामध्ये सतप्रतिशत दलित भएकाले उनीहरुमाथि चरम जातीय छुवाछूत तथा भेदभाव हुदै आएको छ । यस्तो दोहोरा विभेदका कारण उनीहरुको राजनीतिक, आर्थिक र सामाजिक स्थिति अन्य दलितभन्दा पनि कमजोर छ । त्यसैले मुक्त हरवाचरवा पुनःस्थापना भनेको जातपात र छुवाछूत अन्त्यको आन्दोलनसंग पनि सम्बिन्धत छ भन्ने कुराको हेक्का समयमै राखिनुपर्दछ । यसका लागि सरकारकैतर्फबाट अभियान चलाउने, कानून कार्यान्वयन गर्ने, अपराधीलाई कार्वाही गर्नुपर्ने अवस्था सृजना गरियोस ।

**५. हरवाचरवाको हरेक तहमा अर्थपूर्ण सहभागिता र समावेशीकरण गरियोस ।**

- सरकारी तथा गैरसरकारी निकाय अन्तरगत स्थानीयस्तरमा गठन हुने विभिन्न समिति तथा उपभोक्ता समितिलगायतका हरेक संरचनाहरुमा हरवाचरवाको सहभागीता सुनिश्चित गरियोस ।
- केन्द्र, प्रदेश र स्थानीय तहबाट कार्यान्वयन हुने विभिन्न लक्षितवर्ग केन्द्रीत कार्यक्रमहरुमा स्थानीय प्राकृतिक श्रोतको पहिचान, परिचालन, उपभोग, उपयोगको लागि निर्देशीकाबाटै सुनिश्चित गरियोस ।
- हरवाचरवाको नेतृत्व विकासका लागि विभिन्न अधिकारमुखी नेतृत्व विकास तथा क्षमता अभिबृद्धि कार्यक्रम तथा हरवाचरवा तथा गिरहतका बीचमा न्यायपूर्ण श्रम सम्बन्ध कायम गर्ने खालका सदभावपूर्ण सचेतनामुलक कार्यक्रमको तय गरियोस ।
- मुक्त हरवाचरवा पुनःस्थापना कोषको स्थापना गरी एकीकृत प्याकेज निर्माण, कार्यान्वयन तथा व्यवस्थापनको समेत काम गरियोस साथै मुक्त हरवाचरवामा काम गर्न चाहने सरकारी तथा अन्तराष्ट्रिय गैससहरुलाई सरकारको भरपर्दो संयन्त्रबाट एकद्धार प्रणालीको विकास गरी प्रोत्साहन गरियोस ।
- नेपाल सरकारद्धारा संचालित गरिवी निवारण, जनता आवास कार्यक्रम, सामाजिक सुरक्षा भत्ता, प्रधानमन्त्री रोजागार कार्यक्रम तथा स्थानीय सरकारले सृजन ागर्ने लक्षित वर्ग कार्यक्रम हरवाचरवा, हलिया, वादी, कमैया र कमलहरीमा केन्द्रीत गरियोस ।

अन्तमा, हरवाचरवाको मानवमर्यादा तथा स्वतन्त्रतासहितको मुक्तिको घोषणा र उनीहरुको प्रभावकारी पुनःस्थापना गर्न निकै ढिला भइसकेको छ । वर्तमान राज्यसंरचना यसलाई सहज ढंगले सुन्ने र समाधानका लागि तयार हुने वस्तुगत र कानूनी अवस्थामा हुंदाहुंदा पनि वेवास्ता गरेमा हरवाचरवा आन्दोलनले हरेक वस्तिबाट स्वतन्त्रताको झण्डा बोकेर आन्दोलनको घोषणा गर्नुको विकल्प हुने छैन ।

**हस्ताक्षरकारीहरु**

१. दशनलाल मण्डल : अध्यक्ष, राष्ट्रिय हरवाचरवा अधिकार मञ्च

२. राजु भुल : प्रतिनीधि, राष्ट्रिय हलिया मुक्ति समाज महासंघ

३. गणेश विश्वकर्मा : अध्यक्ष राष्ट्रिय दलित नेटवर्क

४. भक्त विश्वकर्मा : का.वा. अध्यक्ष दलित गैसस महासंघ

५. ल्यामबहादुर दर्जी : अध्यक्ष, राष्ट्रिय भूमिअधिकार मञ्च

६. मोतिलाल नेपाली : संयोजक दलित नागरिक समाज

७. गणेश राम : जनचेतना दलित संगम

८. रेनु सिजापति : महासचिव, दलित महिला संघ

९. बालाराम भटटराई : प्रतिनीधि, द फ्रिडा फण्ड

१०. रेम विश्वकर्मा : प्रतिनीधि, नेपाल पत्रकार महासंघ ।

११. शम्भुहजारा पासवान : का.वा अध्यक्ष, नेपाल दलित संघ

१२. मा. नीरा जैरु : सभापति मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्त कार्यान्वयन समिति

१३. जगत देउजा : सामुदायिक आत्मनिर्भर केन्द्र

१४. डा. पूर्ण नेपाली : भूमि अधिकारकर्मी

१५. प्रदीप जोशी : प्रतिनीधि, TSWO Saptari

१६. पोटराज पाखरेल : प्रतिनीधि HURYC Nepal

१७. सखीलाल चौधरी : अध्यक्ष SCDC

१८. विनोद चौधरी : प्रतिनीधि CDF लहान

१९. कपिलेश्वर शाह : प्रतिनीधि, BIDC लहान

२० विनोद विशुखे : प्रतिनीधि DJKYC लहान

२१. …………राई, प्रतिनीधि, समृद्ध फाउण्डेशन, लहान

२२. रुना महरा : प्रतिनीधि DDF लहान

२३. सन्जय शाह : CIC धनुषा

२३ सुनिल ठाकुर : DSWCN, धनुषा

२४. हरि अवस्थी : अध्यक्ष, CDF

२५. खडकसिंह धामी : प्रतिनीधि, मनकामना तालिम केन्द्र

२६. डा. पशुपति महत : अध्यक्ष, CMC नेपाल